# मौलापुर नगरपालिकाको विनियोजन विधेयक, २०८२

**मौलापुर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**२०८२ सालको विधेयक नं.१**

__प्रस्तावना:__ मौलापुर नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) को प्रयोजनार्थ मौलापुर नगरपालिकाको नगर सभामा पेश गर्न नगर कार्यपालिकाले यो विनियोजन विधेयक स्वीकृत गरेको छ।

**१.संक्षिप्तनामर प्रारम्भ:** (१) यस ऐनको नाम"**मौलापुर नगरपालिकाको विनियोजन ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन २०८२ सालश्रावण महिनाको १ गते देखि लागू हुनेछ।

**२.परिभाषा:**

(क) "नगर सभा"भन्नाले मौलापुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले मौलापुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा समिति" भन्नाले मौलापुर नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

(घ) "विषयगतशाखा" भन्नाले मौलापुर नगरपालिकाअन्तर्गतको विभाग, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिकईकाइ समेतलाई सम्झनु पर्दछ।

(ङ) "सञ्चित कोष"भन्नाले मौलापुर नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त मौलापुर नगरपालिका नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.<u>३९,८०,९६,६६४।-</u>(अक्षेरुपी उनन्चालिस करोड असी लाख छयान्नवे हजार छ सय चौसाठी मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को लागि मौलापुर नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनै मान पुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी पूजिगत शीर्षकहरुमा रकम सार्न तथा निकाया र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूंजिगत खर्च र वित्तीयव्य वस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

## अनुसूचि-१

(दफा३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत विभाग एवं विषयगत शाखा तथा शसर्त | | | | |
| ४ | | ऋणको सांवा व्याजभु क्तानी ( संघीय र प्रदेश सरकारको फ्रीज रकम फिर्ता गर्नु पर्ने ) | | | | |
| ५ | | लगानी( शेयर/ऋण) | | | | |
| | | | जम्मा | | | |